annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ३३५ पृष्ठ ८ | काठमाडौं, शुक्रबार २९ चैत २०८१ | चैत्र शुक्लपक्ष चतुर्दशी, नेपाल संवत् ११४५ | FRIDAY, APRIL 11, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# ऐन अड्कियो संसद्‌मा, शिक्षक माग्छन् हातहाती




केशरराज क्षेत्री | *बुटवल*

– को रिपोर्ट

बेला हो, नयाँ शैक्षिक सत्रका लागि विद्यार्थी भर्ना गर्ने र एसईई दिएका परीक्षार्थीको कापी जाँच गर्ने । तर, देशभरका १ लाख शिक्षक काठमाडौंमा जम्मा भएर दिनदिनै विरोध प्रदर्शन गरिरहेका छन् । उनीहरूको माग छ- ‘विद्यालय शिक्षा ऐन हातहाती चाहियो ।’ जबकी उक्त ऐनको मस्यौदा संसदीय समितिमा विचाराधीन छ । ०८० असोजमा भएका सम्झौताहरू समेटेर उक्त ऐन तत्काल कार्यान्वयनमा लैजानुपर्ने शिक्षकहरूको माग छ ।

समाचार पृष्ठ २

तस्बिर : अभिषेक महर्जन

## १० प्रतिशत आधारभूत कर कायम रहने सम्भावना : ट्रम्पका मुख्य आर्थिक सल्लाहकार



**वासिङ्टन** (एजेन्सी) : अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका आर्थिक सल्लाहकार केभिन हासेटले चीनबाहेक सबै मुलुकका लागि १० प्रतिशत कर वृद्धि दर आगामी दिनमा पनि कायमै रहने बताएका छन् ।

ट्रम्पले विश्वव्यापी सेयर बजारलाई तहसनहस पारेको बुधबारदेखि लागू हुने गरी चीनबाहेक सबै देशविरुद्ध उच्च करमा ९० दिनका लागि रोक लगाउने घोषणा गरेका थिए। अतिरिक्त कर वृद्धिको कार्यान्वयनको घोषणाले अमेरिकी ऋणपत्र बजार समेतलाई भयभित बनाएको थियो। ट्रम्पको घोषणाले चीनलाई १२५ प्रतिशत करको सामना गरिरहेको छ, र लगभग सबै अन्य देशहरूले १० प्रतिशतको आधारभूत करवृद्धिको सामना गरिरहेका छन् ।

ह्वाइट हाउसको राष्ट्रिय आर्थिक परिषद्‌का निर्देशक हासेटले बिहीबार बजार खुल्नुअघि सीएनबीसीसँग कुरा गर्दै १० प्रतिशत कर कायम रहने सम्भावना रहेको बताएका थिए।

उनले भने, ‘मलाई लाग्छ, सबैले १० प्रतिशत आधारभूत शुल्कको अपेक्षा गरेका छन् र राष्ट्रपतिलाई त्यहाँभन्दा तल जानका लागि एक प्रकारको असाधारण सम्झौता आवश्यक हुनेछ।’

‘हालैका दिनहरूमा ऋणपत्र बजारको प्रतिफलमा भएको तीव्र वृद्धिले ट्रम्पको केही कर फिर्ता लिने निर्णयमा ‘शायद अलि बढी अत्यावश्यकता’ थपेको छ’, हासेटले बताए, ‘तर यो निर्णय अन्ततः जसरी पनि हुने थियो।’

‘अमेरिकी कामदारका लागि आवश्यक पर्ने ठूलो परिवर्तन प्राप्त गर्नका लागि राष्ट्रपतिले सोचबुझका साथ काम गरेका छन्। हामीले हाम्रा व्यापारिक साझेदारहरूमाथि पर्याप्त दबाब सिर्जना गर्न आवश्यक छ किनभने अमेरिकी राष्ट्रपतिहरूले विगत दशकहरूमा माग गर्दै आएका चीजहरू वास्तवमा टेबलमा प्रस्ताव गरिएका छन्,’ उनले भने।

# बारमा मिश्र प्यानल विजयी

अन्नपूर्ण | *काठमाडौं*

कानुन व्यवसायीको छाता संगठन नेपाल बार एसोसिएसनको अध्यक्षमा प्राडा विजयप्रसाद मिश्र नेतृत्वको प्यानल भारी मतले विजयी भएको छ। सत्तारुढ नेपाली कांग्रेस, नेकपा एमाले गठबन्धनका उम्मेदवार मिश्र नेतृत्वको प्यानल फराकिलो मतान्तरले विजयी भएको हो।

अध्यक्षमा वरिष्ठ अधिवक्ता डा. मिश्रले ५ हजार ५२ मत हासिल गरे। उनी २ हजार ४ सय ३१ मतान्तरले विजयी भएका हुन्। विपक्षी दलहरूको गठबन्धनका उम्मेदवार वरिष्ठ अधिवक्ता रमनकुमार श्रेष्ठले २ हजार ६ सय २१ मत प्राप्त गरे। प्रतिपक्षी नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी, नेकपा एकीकृत समाजवादी र राष्ट्रिय प्रजातन्त्र पार्टीले संयुक्तमा रूपमा श्रेष्ठको नेतृत्वमा प्यानल खडा गरेका थिए। कुल ९ हजार ९ सय ९७ मतदातामध्ये ८० प्रतिशत मत खसेको थियो।

सत्तारुढ कांग्रेस र एमाले निकट कानुन व्यवसायी संगठनहरू डेमोक्रेटिक लयर्स एसोसिएसन (डीएलए) र प्रोग्रेसिभ प्रोफेसनल लयर्स एसोसियसन(पीपीएलए)को तर्फबाट साझा उम्मेदवारका रूपमा मिश्र चुनावी मैदानमा उत्रेका थिए। अध्यक्ष मिश्र यसअघि २०६६ सालमा बार एसोसिएसनको महासचिवमा निर्वाचित भएका थिए। नवनिर्वाचित अध्यक्ष डा. मिश्रले स्वतन्त्र र स्वच्छ न्यायपालिका स्थापनाका लागि काम गर्ने प्रतिबद्धता व्यक्त गरे। उनले भने, ‘विकृतिविहीन र भ्रष्टाचारमुक्त न्यायपालिकाका लागि उल्लेखनीय भूमिका खेल्नुका साथै राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा बार एसोसिएसनको गरिमा बढाउँछौं।’






स्वतन्त्र, स्वच्छ र विकृतिविहीन न्यायपालिका बनाउन भूमिका खेल्छौं । बार एसोसिएसनको गरिमा बढाउँछौं ।

**प्राडा विजयप्रसाद मिश्र,**
अध्यक्ष, नेपाल बार एसोसिएसन

महासचिवमा मिश्र प्यानलकै वरिष्ठ अधिवक्ता केदारप्रसाद कोइरालाले ४ हजार ८ सय ७४ मत प्राप्त गरी विजयी भए। उनका निकटतम प्रतिस्पर्धी अधिवक्ता यज्ञमणि न्यौपानेले २ हजार ३ सय ६७ मत प्राप्त गरे। सातवटै प्रदेश उपाध्यक्षमा मिश्र-कोइराला प्यानलबाटै निर्वाचित भएका छन्।

कोशी प्रदेशमा पदमप्रसाद लिम्बु, मधेसमा अजय शंकर झा, बागमतीमा तेजबहादुर रावल, गण्डकीमा भुपेन्द्र खनाल, लुम्बिनीमा कृष्णप्रसाद पोखरेल, कर्णालीमा विवसकुमार बस्नेत, सुदूरपश्चिममा सिद्धराज ओझा उपाध्यक्षमा निर्वाचित भएका छन। यस्तै, महिला उपाध्यक्षमा सरस्वती श्रेष्ठ निर्वाचित भएकी छिन्। यसैगरी कोषाध्यक्षमा जगतबहादुर कार्की निर्वाचित भएका छन्। विभिन्न क्लस्टरअन्तर्गत सदस्यहरूमा चिरञ्जीवी तिलक्यानी, सूर्यकुमार यादव, रिंकुकुमारी यादव, राजकुमार श्रेष्ठ, मंगल सुन्दर शिल्पकार निर्वाचित भएका छन्। यसैगरी इन्दिरा आचार्य, रञ्जिता कार्की, बाबुराम अर्याल, किरण पौडेल, किरण न्यौपाने, शारदा गुरुङ, दमनबहादुर चन्द, मुकुन्द अधिकारी र माधव मैनाली निर्वाचित भएका छन्।

## दुर्गा प्रसाई भारतमा पक्राउ



**काठमाडौं** (अन्नपूर्ण): राजावादीको नाममा तीनकुनेमा हिंसा भड्काउन मुख्य भूमिका खेलेका मेडिकल व्यवसायी दुर्गा प्रसाईंले भारतीय प्रहरीसमक्ष आफूले आत्मसमर्पण गरेको दाबी गरेका छन्। उनले सामाजिक सञ्जालमार्फत आफू भारतको आसाम राज्यको प्रहरीसमक्ष आत्मसमर्पण गरेको दाबी गरेका हुन्।

प्रहरीको टोली प्रसाईंलाई खोज्न केही दिन अगाडि भारत गएको थियो। तर, प्रहरीले भने आफ्नो टोलीले प्रसाईंलाई पक्राउ नगरेको दाबी गरेको छ। प्रसाईं स्यवंयले नै सामाजिक सञ्जालमार्फत आफूले आसाम प्रहरी समक्ष आत्मसमर्पण गरेको जनाएका छन्।

» बाँकी पृष्ठ ६

# मोटो कमिसनमा मधेसका विकास योजना खरिद–बिक्री

मनिका झा | *जनकपुरधाम*

कानुनतः मधेस प्रदेश सरकारबाट विनियोजित योजना कार्यान्वयनको चिठी सम्बन्धित स्थानीय तह वा सोझै वडा कार्यालयमा पुग्नुपर्छ। चिठी पुगेपछि खुला रूपमा भेला बोलाएर योजना कार्यान्वयनका लागि उपभोक्ता समिति गठन हुनुपर्ने हो। तर, विकास कार्यालयले पठाउनुपर्ने चिठी मधेस प्रदेशका भौतिक पूर्वाधार मन्त्रीले आफैं बुझ्ने र त्यहाँबाट प्रदेशसभा सदस्यलाई वितरण गरेका छन।

यसो गर्दा योजनामा कमिसनको ठूलै लेनदेन भइरहेको सांसदहरूको आरोप छ। तर, पूर्वाधारमन्त्री सरोजकुमार यादव भने विकासे योजनामा सांसदहरू ‘बिचौलिया’ बन्ने गरेको दाबी गरिरहेका छन्।

‘कमिसनको खेल, कार्यकर्ता पोस्ने दाउ र विकास योजनालाई कमाई खाने भाँडो’ बनाएको मन्त्री र सांसदहरूबीच आरोप प्रत्यारोप चलेको छ। प्रदेशसभा बैठकमा यस विषयमा मन्त्री र सांसदहरूबीच चर्काचर्की नै पर्‍यो। प्रदेशको भौतिक पूर्वाधार तथा विकास मन्त्रालयको विकास बजेट १२ अर्ब ६८ करोड ९० लाख ११ हजार रुपैयाँ छ। जसमध्ये प्रदेशसभा सदस्यहरूका लागि उनीहरूको निर्वाचन क्षेत्रहरूमा डेढ करोडदेखि ५ करोडसम्मका योजना पारिएका थिए। त्यसका लागि २ अर्ब ९९ करोड ६२ लाख रुपैयाँ विनियोजन गरिएको थियो। तिनै योजनाहरूको खरिद-बिक्री र कमिसनको खुलेआम लेनदेन भइरहेको विषयले मधेस प्रदेशमा तरंग ल्याएको छ।






प्रदेश सरकारबाट सञ्चालित विकासका योजनाका चिठी मन्त्री र सदस्य आफैं बुझ्ने र आफू अनुकूल उपभोक्ता समिति गठन गरेपछि मात्रै स्थानीय तहमा दर्ता गराउने गरिएको आरोप छ। कमिसनको खेलका कारण यस्तो कार्य भइरहेको जानकारहरू बताउँछन्।

दुई महिनादेखि भौतिक पूर्वाधारमन्त्री यादवले मन्त्रालयबाट योजना बिक्री गरेको आरोप प्रदेशसभा सांसदहरूको छ। मन्त्री यादवले भने प्रदेशसभा सांसदहरू नै योजनाका बिचौलिया बनेको दाबी गरेका छन्।

‘आफैं योजना लिने, आफैं चिठी बुझ्ने र उल्टै मन्त्रीले योजना बेच्यो भनेर बिना आधारको आरोप लगाउने यो सही होइन माननीयज्यूहरू,’ भौतिक पूर्वाधारमन्त्री यादवले सदनमा भनेका थिए, ‘जनता ठग्ने काम नगर्नुस्। यहाँ त माननीयज्यूहरूले स्थानीय तहको सशर्त अनुदानमा समेत बार्गेनिङ गर्न थालेका छन्। तिनको सबै प्रमाण हामीसँग छ।’ मन्त्री यादवले थपे, ‘माननीयज्यूहरूको गुनासो छ कि आफ्नो क्षेत्रको योजना आफूलाई दिइएन। त्यसो भए तपाईंहरूले बुझेका चिठीहरू कहाँबाट लग्नु भएको हो ? ’

मन्त्री यादवले विकास योजना कार्यान्वयनका चिठी कुन-कुन पार्टीका कुन कुन प्रदेशसभा सदस्यले बुझे भन्ने विवरण नै सभामा पेस गरे। विवरणअनुसार मुख्यमन्त्री सतिशकुमार सिंहले १ अर्ब १६ करोड रुपैयाँ बराबरका योजना लिएका छन्। त्यसैगरी कांग्रेस र लोसपा सत्ता गठबन्धनमा समावेश भएपछि योजनाको भागबन्डा गरियो। त्यस बेला १९ करोड रुपैयाँ बराबरका ४७ वटा योजना कांग्रेसलाई दिइएको मन्त्री यादवले सदनमा जानकारी गराए। पछि अरू थपेर कांग्रेसलाई ८९ वटा दिइएका थिए। अन्य दलका सांसदका लागि २१ करोडका योजना वितरण गरिएका थिए।

त्यसैगरी प्रदेशसभा सांसदहरूले मन्त्रालयबाट योजनाको चिठीहरूसमेत बुझेर लगेको तथ्यांकमन्त्री यादवले सदनमा प्रस्तुत गरे। प्रदेशका १०७ जना सांसदहरूले भौतिक मन्त्रालयबाट १ हजार २ सय ३२ वटा योजनाको चिठी बुझेको मन्त्री यादवले दाबी गरे। जसमा एमालेका २५ जना सांसदले २४० वटा योजनाका चिठी बुझेका छन्।

कांग्रेसका सांसदले २४८, जनमतका सांसदले १६३ वटा, माओवादी केन्द्रका सांसदले ६४ वटा, लोसपा नेपालका सांसदले ९४ वटा, जसपाका सांसदले १७४, नेकपा एसका सांसदले ५७ वटा, नागरिक उन्मुक्ति पार्टीका सांसदले ५ वटा, राप्रपाका सांसदले ४ वटा र नेसपाका सांसदले ४ वटा योजनाका चिठी बुझेका छन्।

योजनाको चिठी बुझेरसमेत कतिपय सांसदहरूले हालसम्म कमिसनको कुरा नमिल्दा वा आफू अनुकूल उपभोक्ता समिति गठन नहुँदा वडा कार्यालयमा दर्ता नै गराएका छैनन्। त्यसैकारण चिठी बुझेको २ महिनाभन्दा बढी समय बितिसक्दा पनि कतिपय योजनाहरूको सम्झौता हुन सकेको छैन।

योजनाको चिठी बुझेर पनि सम्झौता नगराउनेमा पर्साका शंकर चौधरी, जनार्दन सिंह क्षेत्री, सिंहासन सिंह कलवारसहितका प्रदेशसभा सांसदहरू छन्।

» बाँकी पृष्ठ ६